# बागमती गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
# भट्टेडाँडा, ललितपुर
# बागमती प्रदेश, नेपाल ।

## विद्युतीय माध्यमबाट शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

दोस्रो पटक प्रकाशित मिति :२०७७/११/२४

यस कार्यालयको आ.व. २०७७।०७८ को स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको खरिद तथा आपूर्ति कार्य गर्नु पर्ने भएकोले इच्छुक निर्माण व्यवसायी तथा आपूर्तिकर्ताहरुले शिलबन्दी दरभाउपत्र प्रस्तावको दस्तुर वापत तपसिलमा उल्लेख भए बमोजिम फिर्ता नहुने गरी तपसिल बमोजिम रकम कुमारी बैंक, बागमती शाखा, ललितपुर स्थित संचित कोष खाता नं. ०७९००३४६९४२००००३ मा जम्मा गरी आ.व. ०७७/०७८ को लागि नवीकरण गरिएको इजाजतपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मूल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. ०७६/७७ सम्मको कर चुक्ता प्रमाणपत्रहरुका प्रमाणित प्रतिलिपि शिलबन्दी दरभाउपत्र जमानतबापत उल्लेख भए अनुसारको रकम यस कार्यालयको कुमारी बैंक, वागमती शाखा, ललितपुर स्थित धरौटी खाता नं. ०७९००३४६९४२००००४ मा जम्मा गरेको सक्कल बैंक भौचर वा घटिमा शिलबन्दी दरभाउपत्रदर्ता गर्ने अन्तिम मितिबाट ७५ दिन म्याद भएको नेपाल सरकारबाट मान्यताप्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममाजारी भएको बिडवण्ड अनिवार्य रुपले पेश गर्नु पर्ने र यस शिलबन्दी दरभाउपत्रको शिलबन्दी दरभाउपत्र पाइने स्थान, दस्तुर, बिडवोण्ड पेश गर्ने, खोल्ने स्थान र पालना गर्नुपर्ने शर्तहरु लगायतका विस्तृत विवरण सहितको सूचना यस कार्यालयको Website: http://www.bagmatimunlalitpur.gov.np र यस गाउँ कार्यपालिकाको कार्यालयको सूचना पाटीमा साथै यस सम्बन्धी सूचना सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को Website:www.ppmo.gov.np मार्फत हेर्न सकिने र शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात www.bolpatra.gov.np/egp मा राखी विद्युतीय माध्यम (Online Bid) बाट मात्र खरिद गर्ने गरी यो शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

**शिलबन्दी दरभाउपत्र सम्बन्धी निर्माण कार्य तथा आपूर्ति कार्यको विवरण**

| सि.नं. | शिलबन्दी दरभाउपत्र नं. | कार्यको विवरण | स्वीकृत ल.ई.रकम (भ्याट समेत) रु. | धरौटी रकम रु | खरिद तथा आपूर्तिकर्ता | शिलबन्दी दरभाउपत्र दस्तुर रु |
|---|---|---|---|---|---|---|
| १. | BAGL/NCB / 2077/78-11 | खनेपानी पाइप खरिद तथा आपूर्ति, बागमती गाउँपालिका भट्टेडाँडा, ललितपुर | लागत अनुमान रु. १०,०१,५१२.९३ | शिलबन्दी दरभाउपत्र जमानत रु. ३०,०४६।- | गुणस्तर प्रमाण चिन्ह प्राप्त उद्योग/निर्माता वा अधिकृत डिलर वा सप्लायर्स | १०००।- |

**शर्तहरु :**

१. ईच्छुक शिलबन्दी दरभाउपत्रदाताहरुले शिलबन्दी दरभाउपत्र दस्तुर वापत तपसीलमा उल्लेख भए बमोजिम फिर्ता नहुने गरी तपसिल बमोजिम रकम कुमारी बैंक, वागमती शाखा, ललितपुर स्थित संचित कोष खाता नं. ०७९००३४६९४२००००३ मा जम्मा गरी आ.व. ०७७/०७८ को लागि नवीकरण गरिएको इजाजतपत्र, स्थायीलेखा दर्ता प्रमाणपत्र, मूल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. ०७६/७७ सम्मको कर चुक्ता प्रमाणपत्रहरुका प्रमाणित प्रतिलिपि पेश गरी http://www.bolpatra.gov.np बाट शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातहरु डाउनलोड गरी लिन सकिनेछ ।

२. खरिद भएका शिलबन्दी दरभाउपत्रहरु सूचना प्रकाशित भएको मितिले १६ औं दिनको ठीक १२:०० बजे भित्र इ-विडिङ मार्फत् दर्ता गराउन सकिनेछ । दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरु सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको ठीक २:०० बजे शिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । शिलबन्दी दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरुको अनुपस्थितिमा पनि शिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधापर्ने छैन ।

३. शिलबन्दी दरभाउपत्रसम्वन्धी कागजात खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

४. शिलबन्दी दरभाउपत्र साथ जमानत वापत उल्लेख भए अनुसारको रकम यस कार्यालयको कुमारी बैंक, वागमती शाखा, ललितपुर स्थित धरौटी खाता नं. ०७९००३४६९४२००००४ मा जम्मा गरेको सक्कल बैंक भौचर वा घटिमा शिलबन्दी दरभाउपत्रदर्ता गर्ने अन्तिम मितिबाट ७५ दिन म्याद भएको नेपाल सरकारबाट मान्यताप्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममाजारी भएको बिडवण्ड अनिवार्य रुपले पेश गर्नु पर्ने छ ।

५. विल अफ क्वान्टिटि (BOQ), स्पेशिफिकेशन समेत संलग्न भएको शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातहरु http://www.bolpatra.gov.np बाट उपलब्ध गराईएको छ । यो सूचना तथा शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेखित भएका शर्त बमोजिम प्राप्त नभएका शिलबन्दी दरभाउपत्र माथि कार्यालयले कुनै कारवाही गर्ने छैन ।

६. शिलबन्दी दरभाउपत्रशर्त रहित, केरमेट नभएको, कार्यालयले उपलब्ध गराएको शिलबन्दी दरभाउपत्र पूस्तिकामा कूनै थपघट वा दृष्टब्य नलेखेको हुनु पर्ने छ । समय भित्र प्राप्त नभएको, रीत नपूगेको, सूचनाका शर्त विपरीत भएको शिलबन्दी दरभाउपत्रमाथि कारवाही हुने छैन ।

७. शिलबन्दी दरभाउपत्रसम्वन्धी कागजातहरुको प्रत्येक पानामा शिलबन्दी दरभाउपत्रदाताले दस्तखत गरी फर्मको छाप लगाउनुपर्नेछ । शिलबन्दी दरभाउपत्रको प्रत्येक आईटम दररेट (भ्याटबाहेकको) अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएकोमा स्पष्टसंग दस्तखत भएको हुनुपर्नेछ ।

८. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने तथा आंशिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

९.यस सम्बन्धी अन्य थप कुरा बूझ्न आवश्यक परेमा यस कार्यालयको वेभ साइट ठेगाना http://www.bagmatimunlalitpur.gov.np मा भिजिट गरी सम्पर्क राख्न सकिने छ ।

१०. यस सूचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित संघ, प्रदेश तथा स्थानीय ऐन, नियम, कानुनअनुसार हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत